"हामी सबैको चाहना सफा सुन्दर हरित तिलागुफाको कामना"

# तिलागुफा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, यूवा तथा खेलकुद शाखा

गाल्जे, कालिकोट

कर्णाली प्रदेश, नेपाल

**पत्र संख्या : २०७७/०७८** **मिति : २०७८/०२/११**

**चलानी नं : 9392**

**विषय : वार्षिक मूल्याङ्कन तथा नतिजा प्रकाशन सम्बन्धमा ।**

**श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै),**

**तिलागुफा नगरपालिका, कालिकोट ।**

प्रस्तुत विषयमा हाल देशमा पुनः आएको नयाँ भेरियन्ट सहितको कोभिड -१९ संक्रमण तिव्र रुपमा फैलिरहेको र सोको रोकथाम तथा नियन्त्रणका लागि तिलागुफा नगरपालिकाको कार्यालयबाट प्रदान गरिदै आएका अत्यावश्यक बाहेकका सेवाहरु बन्द गरी नागरिकहरुलाई अतिआवश्यक काम नपरी घरबाहिर ननिस्कन अनुरोध गरिएको वर्तमान अवस्थामा चालु शैक्षिक सत्र २०७७ को मूल्याङ्कन कार्य विद्यालयमा विद्यार्थीहरु प्रत्यक्ष रुपमा उपस्थित गराई लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न कठिन हुन सक्ने देखिएकाले तथा नयाँ शैक्षिक सत्र २०७८ असार देखि शुरु हुने भएकाले तपसिल बमोजिमका प्रक्रियाहरु पुरा गरी विद्यार्थीहरुको मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्न गराउनु हुन यस कार्यालयको मिति २०७८/०२/११ को निर्णयानुसार सम्पूर्ण विद्यालयहरुलाई यसै पत्र मार्फत आदेशानुसार जानकारी गराईन्छ ।

<u>तपसिल:</u>

- कक्षा १-३ सम्म अध्ययनरत विद्यार्थीहरुको हकमा विद्यालयमा रहेको निरन्तर मूल्याङ्कन अभिलेखका आधारमा कक्षोन्नती गर्ने ।
- कक्षा ४-७ सम्म अध्ययनरत विद्यार्थीहरुको हकमा विद्यालयमा रहेको निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख, यस अघि विद्यालयले लिईएका प्रथम तथा द्धितीय त्रैमासिक परीक्षा र अतिरिक्त क्रियाकलापका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी प्रमाणीकरण तथा श्रेणीकरण गर्ने ।
- कक्षा-९ को हकमा यस अघि विद्यालयले लिएका प्रथम तथा द्धितीय त्रैमासिक परीक्षा र सो पश्चात विषय शिक्षकबाट लिईएका एकाई परीक्षाहरु एवम् विद्यालय शैक्षिक गतिविधिमा विद्यार्थीको संलग्नता समेत आधार बनाई कक्षा/विषय शिक्षकबाट मूल्याङ्कन गरी प्रमाणीकरण तथा श्रेणीकरण गर्ने ।
- उल्लेखित प्रक्रियाका आधारमा गरीएको विद्यार्थी मूल्याङ्कनको अन्तिम नतिजा मिति २०७८ जेठ मसान्त अगावै प्रकाशन गर्ने ।
- प्रकाशित नतिजाबारे विद्यार्थीहरुलाई उपयुक्त सूचना एबम् सञ्चारको प्रयोग गरी जानकारी दिने ।
- शैक्षिक सत्र २०७८ को विद्यार्थी भर्ना अभियानको कार्य मिति २०७८ असार १ गते बाट सुरु गर्ने ।

**<u>पुनश्च:</u> आधारभुत तह (कक्षा-८) को वार्षिक मूल्याङ्कन सम्बन्धमा पछि सूचना जारी गरिनेछ ।**

(............................)

बलिराज शाही

प्राविधिक सहायक (पाँचौं)

बलिराज शाही
प्राविधिक सहायक(पाँचौं)

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा- यस नगरपालिकाको वेबसाईटमा राखिदिनु हुन ।

श्री वडा कार्यालय सबै, तिलागुफा। नपा-सूचना जानकारी गराइदिनु हुन।

Website: tilagufamun.gov.np Email id: tilagufamun@gmail.com Cell no:9868006040,9844877096

Scanned with CamScanner